जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २०८ २०७८ साल चैत ७ गते सोमबार (21 Mar. 2022 Monday) मूल्य रु. ५/-

महिला अधिकारलाई नारामा मात्र होइन,
व्यवहारमा परिणत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : निर्वाचन प्रचारका क्रममा… ३ पृष्ठमा : बैंक वित्तीय संस्थामा … ३ पृष्ठमा :अमेरिकामा कार शोमा गोली…

## एकै दिन दुई हजार ४ सय भन्दा बढीले म्यादी प्रहरीका लागि आवदेन फारम लिए



**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

स्थानिय निर्वाचनका लागि म्यादी प्रहरीको आवेदन खुलेको पहिलो दिन आइतबार सप्तरीमा २ हजार भन्दा बढीले आवेदन फारम बितरण भएको छ ।

२०७९ साल बैशाख ३० गते हुने स्थानिय तहको निर्वाचनका लागि सप्तरीमा ३ हजार १ सय ३९ म्यादी प्रहरीको माग गरिएको छ ।

पहिलो दिनमै २ हजार ४ सय भन्दा बढीले म्यादी प्रहरी भर्नाका लागि आवेदन फारम बितरण भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए । उनले आवेदन दर्ता गराएपछि चैत २२ मा नतिजा र चैत २८ देखी प्रशिक्षण कार्य सुरु गर्ने तालिका रहेको जानकारी पनि दिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट आवेदन फारम बितरण गर्ने कार्य सुरु भएपछि भिड नियन्त्रण गर्ने कार्यमा समस्या देखिएकोले राजरंगशालामा आवेदन फारम बितरण गर्ने व्यवस्था मिलाइएको थियो ।

तर, त्यहा पनि भिड उर्लिएपछि एसपी अभिनारायण काफ्ले र डिएसपी माधवप्रसाद काफ्ले आफै पुगेर भिड व्यवस्थापन गर्दै फारम बितरणको व्यवस्था मिलाएका थिए ।

प्रहरी प्रधान कार्यालय नक्सालले मंगलबार सूचना जारी

***बाँकी अन्तिम पृष्ठमा***

## लेखापरिक्षक नियुक्ति प्रकरणमा आर्थिक चलखेल भएको आरोप



**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

सप्तरीको कंचनरुप नगरपालिकास्थित सामुदायिक विद्यालयको आन्तरिक लेखापरिक्षक नियुक्ति प्रकरणमा आर्थिक चलखेल तथा सूचना लुकाउने काम भएको आरोप लागेको छ ।

नेपाल अडिटर्स एशोसिएशन सप्तरीले आइतबार पत्रकार सम्मेलनको आयोजना गरि सो आरोप लगाएको हो ।

आयोजित पत्रकार सम्मेलनमा एशोसिएशनका अध्यक्ष विश्वनाथ देवले बिगत तीन बर्षदेखी नगरपालिका मातहतमा रहेको ३२ वटा सामुदायिक विद्यालयको आन्तरिक लेखापरिक्षण हुन नसकेकोमा नगरपालिकाको शिक्षा शाखाले सो प्रयोजनका लागि गरेको १५ जना लेखापरिक्षकको नियुक्ति प्रक्रियामा व्यापक धाँधली भएको आरोप लगाएका छन् ।

उनले सो नियुक्ति प्रक्रिया सम्बन्धमा सूचना समेत लुकाउने काम भएको दाबी गर्दै छानबिनको माग पनि गरे । अध्यक्ष देवले नगरपालिकाको शिक्षा शाखाका अधिकृत प्रेम कुमार चौधरी र सोही शाखामा कार्यरत ललितनारायण यादवले रकमको चलखेल गर्दै मनोमानी र गोप्य ढंगले आ-आफ्नो अनुकुल जिल्ला बाहिरका १२ जना लेखापरिक्षक नियुक्त गरेको आरोप लगाए ।

पत्रकार सम्मेलनमा एशोसिएशनद्वारा बितरित प्रेस विज्ञप्ति मार्फत नियुक्ति प्रकरणको छानबिन, दोषिमाथी कारवाही र उक्त नीति खारेजीको प्रक्रिया अघि नबढाइए चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी दिइएको छ ।

१५ जना लेखापरिक्षक नियुक्त गरिएकोमा १२ जना जिल्ला बाहिर मोरङ, उदयपुर, सिरहा र इलामका रहेका उनले बताए । यसरी गोप्य र मनोमानी ढंगले गरिएको नियुक्ति प्रक्रिया बारे सूचना माग गर्दै गत फागुन ९ गतेदेखी पटक पटक लिखित र मौखिक सूचना माग्दा पनि आलटाल गर्दै आएको एशोसिएशनका पूर्व अध्यक्ष सुदम्बर यादवको भनाई छ ।

स्थानिय सरकार संचालन ऐनमा बर्षौंपिच्छे आन्तरिक लेखापरिक्ष गराउनु पर्ने र यस कार्यका लागि स्थानिय लेखापरिक्षकलाई ग्रहायता दिनु पर्ने स्पष्ट उल्लेख भएपनि शिक्षा शाखाका कर्मचारीहरु यसको बिपरीत कार्य गरेको आरोप लगाइएको छ ।

यसबारे नगर प्रमुख बसन्त मिश्र, प्रमुख प्रशासकीय अधिकृत रेणुका साह र अधिकृत नवराज खडकाको पटक पटक ध्यानाकर्षण गराउँदा पनि कुनै चासो नदेखाएको लेखापरिक्षकहरुले गुनासो गरेका छन् ।

नगरपालिकाका सूचना अधिकारी दिपककुमार देवसँग जिज्ञासा राख्दा उनले लेखापरिक्षक नियुक्ति प्रकिया विधी सम्वद्ध ढंगले नै भएको दाबी गर्दै बोर्डबाटै निर्णय भएको बताए ।



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सूचना ! साधारण सभाक सूचना

एहि श्री चित्रगुप्त सेवा समिति, सप्तरी राजबिराजक ४७ म साधारण सभा निम्नानुकुलक दिनाङ्ग, समय आ स्थानमे सम्पन्न होएबाक भेल निर्णय अनुरुप समितिक सम्पूर्ण साधारण, आजीवन आ मानार्थ सदस्यलोकनिके जानकारी हेतु ई सूचना प्रकाशन कएल गेल अछि ।

समितिक विधान भाग ६, दफा ७ अनुरुप निर्धारित दिनाङ्ग, समय आ स्थानपर आयोजित होइवाला एहि साधारण सभामे अपनेक गरिमामय उपस्थिति प्रार्थनीय अछि । समितिक विधान भाग १० दफा १२.२ अनुरुप ई सूचना प्रकाशन करैत साधारण सभामे उपस्थित भऽ सफल बना देबाक हेतु समस्त सरोकारवालामे विनम्रतापूर्वक हार्दिक आग्रह अछि ।

**४७ म साधारण सभाक :**

**स्थान :** श्री के.अ.मा.वि.स्थित श्रोत केन्द्र भवन, राजबिराज

**दिनाङ्ग :** वि.सं. २०७८ साल चैत १२ गते (ई.सं. २६ मार्च २०२२) शनिदिन

**समय :** दिनक ११ बजेसँ

**प्रस्ताव सूची :**

(१) समितिक बार्षिक प्रतिवेदन प्रस्तुत आ अनुमोदन,
(२) समितिक लेखा प्रतिवेदन प्रस्तुत आ अनुमोदन,
(३) छात्रबृत्ति समितिक प्रतिवेदन प्रस्तुत आ अनुमोदन,
(४) निर्वाचन समितिक प्रतिवेदन प्रस्तुत आ अनुमोदन तथा गठन,
(५) आगामी बर्षक कार्ययोजना आ आय-व्यय सम्बन्धमे,
(६) नवकार्यकारिणीक गठन सम्बन्धमे,
(७) विविध वा अन्य ।

**विनित/ प्रार्थी**
**महासचिव**
**श्री चित्रगुप्त सेवा समिति**
**सप्तरी, राजबिराज**

# निर्वाचन प्रचारका क्रममा विद्यालय, शिक्षक र विद्यार्थीको प्रयोग गर्न नपाइने

**प्रकाश सिलवाल**
काठमाडौँ, ६ चैत (रासस)।

विगतका निर्वाचनमा दलहरुले प्रचारप्रसारका क्रममा विद्यालय, शिक्षक र विद्यार्थीलाई दुरुपयोग गरेका प्रशस्तै समाचार सञ्चारमाध्यममा आउँथे। त्यसबारे शिक्षामा कार्यरत नागरिक संस्था र शिक्षाविज्ञले ध्यानाकर्षणसहित पटक-पटक आवाज उठाउँथे तर खासै सुनुवाइ हुँदैनथ्यो। आसन्न स्थानीय तहको निर्वाचन-२०७९ देखि भने त्यस्तो अवस्था कम हुने सकारात्मक सङ्केत देखिएको छ।

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि निर्वाचन आयोगले हालै जारी गरेको 'निर्वाचन आचारसंहिता-२०७८' मा 'कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा सामुदायिक विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने' व्यवस्थाले शिक्षालयमा दलगत राजनीतिक हस्तक्षेप रोक्न कडाइ गरेको छ।

निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आयोगले यही चैत ३ गते नेपाल राजपत्रमार्फत जारी गरेको सो आचारसंहिता यही चैत १५ गतेदेखि लागू हुँदैछ। आचारसंहिताको परिच्छेद २ को 'ग' अनुसार 'कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा सामुदायिक विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने' व्यवस्था कायम गरिएको हो। परिच्छेद ४ को 'ट' ले राजनीतिक दल, उम्मेदवार वा दलका भातृ सङ्गठनले १८ वर्ष पूरा नभएका बालबालिकालाई चुनावी प्रचारप्रसार। धर्ना जुलुस, आमसभामा प्रयोग गर्न नपाइने स्पष्ट व्यवस्था गरेको छ।

सोही आचारसंहिताको परिच्छेद २ को 'छ' अनुसार १८ वर्ष पूरा नभएका बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन नहुने, परिच्छेद ३ को ९ अनुसार सामुदायिक विद्यालयका शिक्षकले कुनै पार्टीको प्रचारप्रसार गर्न नपाउने, विद्यालयको भवन दलगत प्रयोग गर्न दिन नहुने, शिक्षकहरुले सामाजिक सञ्जाल प्रयोग गरेर पनि दलगत पक्षधरता लिन र मत माग्न नपाइने उल्लेख गरिएको छ।

आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले आचारसंहिताको अनुगमनका लागि केन्द्रस्तरमा एक आयुक्तको संयोजकत्वमा उच्चस्तरीय अनुगमन समिति र जिल्लास्तरमा पनि अनुगमन समिति तथा केन्द्रबाट नेपाल सरकारका सचिवस्तरको नेतृत्वमा विशेष अनुगमन टोली खटाइने बताउनुभयो। आचारसंहिताको उलङ्घन भएको उजूरी प्राप्त भएमा त्यसको अध्ययन गरी कारबाही गर्न आयोगले उचित निर्णय लिने उहाँले जनाउनुभयो।

विद्यालयमा मतदान केन्द्र (बुथ) पनि नराख्न आउने गरेका आग्रहलाई भने आफूहरुले हाललाई कार्यान्वयन गर्न नसक्ने उहाँको भनाइ छ। निर्वाचनका समयमा विद्यालय बन्द हुने र सो क्रममा नाबालिगको प्रयोग नहुने भएकाले विद्यालयमा बुथ राखेर बालबालिकाको अधिकार हनन् नहुने सहायक प्रवक्ता अर्यालको तर्क छ। बाल संरक्षण र बालअधिकारमा क्रियाशील नागरिक संस्थाको राष्ट्रिय सञ्जाल बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)सहित विभिन्न संस्थाले आचारसंहितामा ती विषय समावेश गर्न गत महिना आयोगका पदाधिकारीलाई सुझाव दिएका थिए।

सिजपका अध्यक्ष राजेश शर्माले निर्वाचन आचारसंहितामा पहिलो पटक दलहरुले प्रचारप्रसारका क्रममा विद्यालयको प्रयोग गर्न नपाइने व्यवस्था हुनु आफूहरुको आवाजको सुनुवाइ भएको बताउँदै यसको कार्यान्वयन पक्षमा जोड दिनुपर्छ भन्नुभयो। उहाँले आफूहरुले बालअधिकारबारे उठाएका अधिकांश माग सम्बोधन भएको जनाउँदै अनुगमनमा सघाउने बताउनुभयो।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ, नेपालका अध्यक्ष कृष्ण थापाले प्रचारप्रसारका क्रममा विद्यालय, शिक्षक र विद्यार्थीको प्रयोग गर्न नपाइने प्रावधान सकारात्मक भएको जनाउँदै निर्वाचनमा बुथ राख्दा त्यहाँ झै-झगडा र झडप हुनसक्ने भएकाले निर्वाचनमा प्रयोग भएका विद्यालयका कोठा र भौतिक सामानको बीमा वा क्षतिपूर्तिका लागि सोचिनुपर्ने बताउनुभयो।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३१ को शिक्षासम्बन्धी हक, बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ७ मा शान्तिपूर्ण तथा बालमैत्री वातावरणमा पढ्न पाउने बालबालिकाको हकको व्यवस्था गरिएको छ। विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका-२०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि, हिंसा, दलगत राजनीति तथा अन्य हस्तक्षेप, भेद्भाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाटमुक्त राख्ने व्यवस्था गरेको छ। विसं २०६३ मङ्सिर ५ को विस्तृत शान्ति सम्झौतापछि नेपाल सरकारले २०६८ जेठ ११ मा मन्त्रिपरिषद्बाट विद्यालय शान्ति क्षेत्रको अवधारणा पारित गरेको थियो।

बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ६६ अनुसार विद्यालयमा हुने त्यस्ता गतिविधि बालबालिकाविरुद्धको कसुर हो। यो कसुरका लागि रु ७५ हजारसम्म जरिवाना र तीन वर्ष कैद हुनसक्ने प्रावधान छ। यस्तो काम नैतिक पतन हुने फौजदारी कसुर मानिएको छ।

सिजपले जुलुस तथा कुनै पनि राजनीतिक क्रियाकलापमा बालबालिकाको प्रयोग नगर्न, कुनै पनि बहानामा विद्यालय बन्दजस्ता गतिविधि नगर्ने, हुन नदिने र शान्तिपूर्ण सुरक्षित तथा बालमैत्री वातावरणमा शिक्षण सिकाइको प्रत्याभूति गराउने वातावरण गराउन स्थानीय सरकारको पनि ध्यानाकर्षण गराउँदै आएको छ। तत्कालीन नेकपा (माओवादी)को सशस्त्र युद्धकालमा २०६० असोज २६ गते डोटीको मुढभरास्थित शारदा उच्च माध्यमिक विद्यालयमा विद्रोही पक्षको सांस्कृतिक कार्यक्रममा सुरक्षा निकायबाट भएको गोली प्रहारका क्रममा चार विद्यार्थीसहित दशको मृत्यु तथा केही विद्यार्थी घाइते भएपछि अधिकारकर्मीले बालबालिका शान्ति क्षेत्र र विद्यालय शान्ति क्षेत्रका लागि आवाज उठाउन थालेका थिए।

## सम्पादकीय

### लागुऔषध दुरव्यसनीमा कमी आएन

लागुऔषध प्रयोगकर्ता र बिक्रिकर्ता अहिले पनि सप्तरीमा बढ्दै गएका छन्। खुल्ला सीमानाकाका कारण छिमेकी मुलुक भारतीय बजारबाट उनीहरु लागुऔषध सेवन तथा खरीद समेत गरेर फर्किने गर्छन्। कलिला उमेरका हजारौं यूवकहरु लागु पदार्थ दुरव्यसनीमा फसेका छन्। यती मात्र नभएर उनीहरुलाई प्रयोग गरेर लागुऔषध कारोबारीहरुले भारतीय बजारबाट लागुपदार्थ खरीद गर्न उत्साहित समेत गरेको पाइएको छ।

यसरी सीमानाकाबाट सप्तरीका मात्र नभएर छिमेकी जिल्ला उदयपुर, सुनसरी, मोरङ तथा पहाडी जिल्लाका यूवकहरु पनि सप्तरी नाकाबाट लागुपदार्थ ओसार पोसार गर्ने कार्यमा संलग्न रहेको प्रहरी तथ्याङ्कले देखाएको छ। यता सुरक्षाकर्मीहरुले लागु पदार्थ सेवनकर्ता तथा त्यसमा लागेका कारोबारीहरुलाई पक्राउ गर्ने कार्यलाई तदारुकताका साथ लागिपरेका छन्। दिनहुँजसो यस जिल्लाबाट यूवकहरु लागुऔषधसहित पक्राउ समेत पर्ने गरेका छन्। तर पनि लागु पदार्थ दुरव्यसनीहरुमा कमी आउन सकेको छैन्।

अभिभावकहरुले आफ्ना बालबालिकाप्रति ध्यान नदिनु, त्यसको नकारात्मक असर बारे सचेत नगराउनु लगायतका कार्यप्रति गम्भिर नहुनुले कलिला उमेरमै उनीहरु दुर्व्यसनीतर्फ आकर्षित हुदै गएका छन्। यसप्रति विभिन्न सरोकारवाला निकायले सचेतना कार्यक्रम चलाएपनि दुरव्यसनीमा कमी आएको देखिन्न्। तसर्थ यस्ता बिकृतीलाई न्यूनिकरणका लागि अझ महिनेतका साथ आ-आफ्नो तर्फबाट आवश्यक कदम चाल्नु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक। आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनाबश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु।
- बौवा बुच्चीके आइग सँ दूर राखु।
- हवा बसात के समय मे आइग नै पजारु। सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेबा लगाउ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु।
- कहीँ कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# बैंक वित्तीय संस्थामा तरलताको संकट, घरजग्गाको कारोबारमा बहार

**रमेश लम्साल**

काठमाडौँ, ६ चैत (रासस)।

बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव कायमै भए पनि घरजग्गाको कारोबारमा भने कुनै प्रभाव नपरेको देखिन्छ।

गत फागुन महिनाको विवरण हेर्ने हो भने बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव पनि छ र ? भन्ने जस्तो तथ्य देखिन्छ।

नेपाल राष्ट्र बैंकले चालु आवको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत घर जग्गाको कारोबारमा कडाइ गरे पनि अवस्था त्यस्तो नभएको पाइएको छ। भूमि व्यवस्था तथा अभिलेख विभागका अनुसार फागुन महिनामा मात्रै ७४ हजार ३६ लिखत पारित भएको छ। यस्तै घर जग्गाको नामसारी मात्रै पाँच हजार नौ वटा भएका छन्। संशोधनतर्फ कूल चार हजार ५३९, हाल साविकतर्फ दुई हजार ६९३, घर जग्गा रोक्कातर्फ ३६ हजार ५७२ र फुकुवातर्फ कूल २४ हजार ७४९ रहेको विभागको विवरण छ।

घर जग्गाको सबै विवरण हेर्दा फागुन महिनामा मात्रै एक लाख ६२ हजार ६७८ काम भएका देखिन्छ। गत माघमा कूल एक लाख ३२ हजार ५३ वटा घर जग्गाको काम भएको देखिन्छ। यस आधारमा पनि माघको तुलनामा फागुनमा बढी काम भएको स्पष्ट हुन जान्छ। गत माघमा कूल ५९ हजार ५१६ वटा लिखत पारित भएका थिए। यस्तै घर जग्गाको नामसारीतर्फ चार हजार २७७ वटा थिए। संशोधनतर्फ तीन हजार ६२२, हाल साविक दुई हजार १४९, रोक्का ३० हजार ९८७ र फुकुवातर्फ १८ हजार ६७६ वटा भएका थिए।

बैंक तथा वित्तीय संस्थाले कर्जा दिएनन् वा कारोबार भएन भन्ने विषयलाई यो तथ्याङ्कले भने अस्वीकार गरेको जस्तो देखिन्छ। विभागको विवरण अनुसार फागुन महिनामा घर जग्गाको कारोबारबाट मात्रै रु छ अर्ब २६ करोड १६ लाख १० हजार १०५ बराबरको राजस्व सङ्कलन भएको छ। रजिष्ट्रेशन दस्तुरबाट रु तीन अर्ब ७८ करोड ११ लाख ८६ हजार ७९९ ,अतिरिक्त शुल्कबाट रु चार लाख दुई हजार ५४५ पूँजीगत लाभकरबाट रु एक अर्ब ४४ करोड ४६ लाख तीन हजार तीन बराबरको राजश्व उठाइएको छ।

सो महिना मात्रै घर जग्गाको कारोबारमा रु ५५ करोड ६५ लाख ९४ हजार ४०९ बराबरको छुट समेत पाएका छन्। बागमतीतर्फ मालपोत कार्यालय चावहिलमा फागुन महिनामा रु ३८ करोड ३५ लाख ९८ हजार, मालपोत कार्यालय डिल्लीबजारले रु ४५ करोड ३२ लाख छ हजार ३५३ बराबरको राजस्व सङ्कलन गरेको छ। मालपोत कार्यालय कलङ्कीले रु ३९ करोड १६ लाख ८५ हजार ५०२, मालपोत कार्यालय साँखुले रु १५ करोड ७४ लाख ८० हजार ५१२, मालपोत कार्यालय मनमैजुले रु १३ करोड २९ लाख ३२ लाख ७५६, मालपोत कार्यालय टोखाले रु ११ करोड २९ लाख २४ हजार ४१९ बराबरको राजस्व सङ्कलन गरेको छ।

यस्तै, काठमाडौँ उपत्यकामा सबैभन्दा बढी लखनखेल मालपोत कार्यालयले बढी राजस्व सङ्कलन गरेको छ। विभागको विवरण अनुसार लखनखेल मालपोतले रु ५४ करोड २२ लाख ११ हजार १३९ बराबरको राजस्व सङ्कलन भएको छ। यस्तै, मालपोत कार्यालय बाँकेले रु ११ करोड २३ हजार ४०९,मालपोत कार्यालय कास्कीले रु १२ करोड ४५ लाख ३० हजार ९९२, मालपोत कार्यालय चितवनले रु १६ करोड २८ लाख ३४ हजार ८७७ बराबरको राजस्व सङ्कलन गरेको छ। विभागका अनुसार मालपोत कार्यालय रुपन्देहीले रु नौ करोड १९ लाख २६ हजार ३२४, मापलपोत कार्यालय चन्द्रौटाले रु तीन करोड ३५ लाख ८४ हजार ३३८ बराबरको राजस्व सङ्कलन गरेको छ।

केही मालपोत कार्यालयले भने मुख्यमन्त्री स्वच्छता अभियान कोष शुल्कमार्फत पनि राजस्व सङ्कलन गरेको छ। त्यसमा सप्तरीको राजबिराज र कञ्चनपुर, सिराहाका दुई मालपोत कार्यालय, जनकपुरधाम, जलेश्वर, महोत्तरी, सर्लाहीका तीन मालपोत कार्यालयले मुख्यमन्त्री स्वच्छता अभियान कोषमार्फत रकम सङ्कलन गरेको छ। प्रदेश नं २ का रौतटह, बारा, पर्साका मालपोत कार्यालयमासमेत सो कोषमार्फत घर जग्गाको कारोबार गर्दा रकम सङ्कलन गरिएको छ। त्यसबापत रु चार करोड २९ लाख ५१ हजार ७९४ बराबरको रकम सङ्कलन भएको छ।



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### अमेरिकामा कार शोमा गोली चल्दा कम्तीमा १० घाइते

अमेरिका (अर्कान्सास), ६ चैत (रासस-एएनआई)।

संयुक्त राज्य अमेरिकाको अर्कान्सासमा एउटा कार शोमा गोली चल्दा कम्तीमा १० जना घाइते भएको शनिबार सञ्चारमाध्यमले जनाएका छन्।

"एएसपी (अर्कन्सास राज्य प्रहरी)लाई प्राप्त प्रारम्भिक जानकारीअनुसार गोली चल्दा ती १० जना घाइते भएका हुन्," प्रहरीले शनिबार अमेरिकी प्रसारण नेटवर्क नेसनल ब्रोडकास्टिङ कम्पनी (एनबीसी)लाई उद्धृत गर्दै विज्ञप्तिमार्फत जनाएको छ।

अर्कान्ससको देशा काउन्टीस्थित डुमस शहरमा शनिबार राति गोली चलेको हो। प्रहरीका अनुसार राजमार्ग गस्ती अधिकारी, सेना र अन्वेषकलाई कार शो भइरहेको व्यावसायिक स्थानमा पठाइएको थियो। सम्भावित संदिग्ध र घाइतेको अवस्थाबारे अहिलेसम्म कुनै जानकारी आएको छैन।

### पाकिस्तानको सियालकोट क्यान्ट क्षेत्रमा ठूलो विस्फोट

पाकिस्तान (इस्लामाबाद), ६ चैत (रासस-एएनआई)।

उत्तरी पाकिस्तानी शहर सियालकोटमा निकै ठूलो विस्फोटको आवाज सुनिएको स्थानीय समाचारमाध्यमले आइतबार जनाएका छन्।

पञ्जाब प्रान्तको क्यान्टोन्मेन्ट क्षेत्र नजिकै विस्फोटको आवाज सुनिएको हो। उत्तरी पाकिस्तानको सियालकोट सैन्य आधारमा थुप्रै विस्फोटका आवाज सुनिएका छन्।

यो गोला बारूद भण्डारण क्षेत्र भएको हुँदा त्यहाँ ठूलो आगो बलिरहेको छ। विस्फोटको कारण अझै पत्ता लागेको छैन, "मिलाप दैनिकका सम्पादक ऋषि सुरीले ट्वीटरमा उल्लेख गरेका छन्। घटनाको विस्तृत विवरण आउन बाँकी छ।

### तालिबानले अर्को हप्ता बालिकाका लागि विद्यालय खोल्ने

अफगानिस्तान (काबुल), ६ चैत (रासस-एएनआई)।

तालिबानले मार्च २२ देखि छात्रालाई पनि विद्यालय जना अनुमति दिने भएको छ। योसँगै अब अफगानिस्तानमा तालिबानले सत्ता कब्जा गरेदेखि बालिकालाई विद्यालय प्रवेशमा लगाइएको प्रतिबन्ध अन्त्य हुनेछ।

ह्युमन राइट्स वाच (HRW)का पूर्ववरिष्ठ अफगानिस्तान अनुसन्धानकर्ता हेदर बारद्वारा गरिएको उद्घाटनको निर्णयसँगै बालिकाले पढ्न पाउने अधिकारीको केही हदसम्म भए पनि सुनिश्चितता गर्नेछ।

सत्तामा आएदेखि तालिबानले महिलाको आवागमनको स्वतन्त्रतालाई कुचल्नेलगायतका हरेक क्षेत्रमा महिला अधिकारलाई बन्देज लगाएको थियो।

अधिकांश कन्याले पढ्ने माध्यमिक विद्यालय बन्द छन्। विश्वविद्यालय भर्खरै नयाँ नियमको साथ पुनः खोलिएका छन्।

### रुसद्वारा युक्रेनमा फेरि हाइपरसोनिक मिसाइल प्रहार

मस्को, ६ चैत (रासस-एएफपी)।

रुसले आइतबार युक्रेनमा आफ्नो सबैभन्दा नयाँ हाइपरसोनिक क्षेप्यास्त्र प्रहार गरेको र युक्रेनको दक्षिणी भागमा रहेको इन्धन भण्डारण स्थललाई ध्वस्त पारेको बताएको छ।

"हाइपरसोनिक ब्यालिस्टिक मिसाइलसहित किन्जल उड्डयन क्षेप्यास्त्र प्रणालीले माइकोलाइभ क्षेत्रमा कोस्टयान्टिनिभकाको बस्ती नजिकै युक्रेनी सशस्त्र बलको इन्धन र स्नेहकको लागि ठूलो भण्डारणस्थल नष्ट गऱ्यो," रूसी रक्षा मन्त्रालयले उल्लेख गरेको छ।

### टचुनिसियाको समुद्री किनारमा कम्तीमा २० अवैध आप्रबासीको शव प्राप्त

टचुनिस, ६ चैत (रासस/सिन्ह्वा)।

ट्युनिसिया उत्तरी समुद्री किनारा नबेयलमा अवैध आप्रबासीको शव प्राप्त भएको छ। शनिबार पनि थप आठ शव भेटिएको बताइएको छ।

यो समेत गरी यस क्षेत्रमा कम्तीमा पनि २० ओटा शव भेटिएको यहाँको एक रेडियो स्टेशनले जनाएको छ।

यहाँको रेडियो सेम एफएमले शनिबार दिएको समाचारअनुसार यसअघि गत शुक्रबार ट्युनिसियाको सो समुद्री किनारामा १२ ओटा शव भेटिएको थियो र शनिबार थप सात जनाको शव भेटिएको हो।

टचुनिसियाको सो समुद्री किनारा युरोप जाने आप्रबासीहरुले प्रयोग गर्ने गरेको एक मुख्य नाका पनि हो।

उनीहरु अवैधरुपमा युरोप प्रवेश गर्ने क्रममा सो क्षेत्रमा पुगेका र दुर्घटनामा परेका अनुमान गरिएको टचुनिसियाली प्रहरीले जानकारी दिएको छ।

# बोदे बसाईनमा न्युनत्तम ज्याला सम्बन्धि कार्यक्रम सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

सप्तरीको बोदे बसाईन नगरपालिकामा न्युनतम ज्याला बिषयक सम्वाद कार्यक्रम सम्पन्न भएको छ ।

द फ्रिडम फन्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीद्वारा बोदे बसाईन नगरपालिकाको नगरसभा हलमा आयोजित कार्यक्रममा बोदे बसाईन नगरपालिकाका जनप्रतिनिधि, रोजगारदाता तथा हरवा चरवा मजदुरहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा हरवा चरवाका प्रतिनिधिहरुले अझै आफुहरुले उचित ज्याला पाउन नसकेको गुनासो गरेका छन् भने रोजगारदाताहरुले कृषिमा लगानी अनुरुपको प्रतिफल आउन नसकिरहेकाले मजदुरहरुलाई उचित ज्याला दिन नसकेको स्वीकारेका छन् ।

श्रीपुर्राज सामुदायिक विकास केन्द्रका अध्यक्ष बबिता कुमारी चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा बोदे बसाईन नगरपालिकाका प्रमुख आतेश कुमार सिंह यादव, प्रमुख प्रशासकीय अधिकृत घनश्याम यादव, वडा नम्बर ५ का वडाअध्यक्ष मो. मोजिबुर रहमान, उद्योग व्यापार समितिका अनिल प्रसाद सिंह, ललित नारायण चौधरी लगायतले श्रम ऐन लागु भएपनि प्रभाबकारी कार्यान्वयन हुन नसकेकाले हरवा चरवा तथा श्रमिकहरुले अझै उचित ज्याला पाउन सक्ने अवस्था नरहेको बताल सए ।

कार्यक्रममा रोजगारदाताहरु महिनारायण साह, नगरपालिकाका रोजगार संयोजक सुनिल कुमार चौधरी, रोजगार प्राबिधिक ब्रहमदेव यादव, हरवा चरवा परिवारका सितल सदा, किसन सदा, गुरिलाल सदा लगायतले पनि बोलेका थिए ।

श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता संजीव कुमार यादवद्वारा सञ्चालित कार्यक्रममा श्रीपुर्राज सामुदायिक विकास केन्द्रका टिम लिडर बिनोदानन्द चौधरीले कार्यक्रमको उद्देश्यबारे प्रकाश पारेका थिए ।

## *एकै दिन दुई ...*

गर्दै चैत ६ देखि ११ गतेसम्म दरखास्त दिने म्याद तोकेको छ ।

म्यादी प्रहरीमा भर्ना हुनका लागि नेपाली नागरिक हुनुपर्ने, फौजदारी अभियोग लागेको नहुनुपर्ने, कुनै राजनीतिक दलको सदस्य हुनु नहुने, शारीरिक र मानसिकरुपले तन्दुरुस्त हुनुपर्ने लगायतका मापदण्ड राखिएको छ भने म्यादी प्रहरी भर्नाका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका पूर्वसुरक्षाकर्मीलाई प्राथमिकता दिइएको छ । उनीहरुको सेवा अवधि ४० दिन रहेनछ । म्यादी प्रहरीका लागि प्रहरी जवानको तलब सरह (आधारभूत तलब महिनाको २२,६८० रुपैयाँ) ले ३० हजार २४० रुपैयाँ तोकिएको छ ।

त्यस्तै खाद्यान्नबापत एकमुष्ठ ७ हजार २०० रुपैयाँ र पोशाक र अन्य सामग्री खरिदका लागि प्रतिव्यक्ति ६ हजार रुपैयाँका दरले थप रकम उपलब्ध गराइने र निर्वाचनमा खटिने कर्मचारीका लागि तयारी रुवरुप खटाइएको ठाउँमा आउन जान थप एक हजार रुपैयाँ उपलब्ध गराइने जनाइएको छ ।

# बजार अनुगमन टोलीद्वारा म्याद गुज्रेको समान नष्ट

**दैनिक समाचारदाता**
**सिरहा, ६ चैत ।**

संयुक्त अनुगमन टोलीले राजविराजस्थित बिभिन्न पसलहरुबाट म्याद गुज्रेको खाद्य पदार्थहरु नियन्त्रणमा लिई नष्ट गरेको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय राजविराजको अगुवाई घरेलु तथा साना उधोग कार्यालयका प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय सप्तरीको प्रतिनिधि, राष्ट्रिय उपभोक्ता मञ्च, जिल्ला उद्योग वाणिज्य संघका प्रतिनिधि सम्मिलित संयुक्त अनुगमन टोलीले केही दिनअघि राजविराजका बिभिन्न पसलहरुमा गरेको अनुगमनका क्रममा म्याद गुज्रेको पेयपदार्थ तथा खाद्य पदार्थहरु नियन्त्रणमा लिई नष्ट गरेको हो ।

अनुगमनका क्रममा बिभिन्न किराना पसलहरुबाट म्याद गुज्रेको मैदा, बेसन, तेल, बिस्कुट लगायतका खाद्य पदार्थहरु फेला परेपछि नियन्त्रणमा लिई नष्ट गरेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय राजविराजका प्रमुख सुरेश कुमार सिंहले जानकारी दिएका छन् ।

अनुगनका क्रममा कतिपय व्यवसाय दर्ता नभएको, भ्याट बिल, पान बिल, मूल्यसूचि र सरसफाई नभएको फर्महरु समेत भेटिएकोले त्यस्ता व्यवसाय दर्त्ता गराउन तथा आवश्यक सुधार गर्न एक साताको समय दिईएको प्रमुख सिंहले बताउनुभयो ।

बजार अनुगमनका क्रममा फेला परेको ८ किसिमको समानको गुणस्तरीयता नाप जाँचका लागि नमुना समेत सङ्कलन गरिएको र ती नमुना परिक्षणका लागि बिराटनगर पठाउने तयारी भईरहेको प्रमुख सिंहले जानकारी दिए ।



जनमत पार्टीद्वारा जारि माटो संकलन अभियान अन्तरगत आइतबार सप्तरीको विष्णुपुर गाउँपालिका, राजगढ गाउँपालिका र डाक्नेश्वरी नगरपालिकामा माटो संकलन यात्रामा सहभागि भएका पार्टीका अध्यक्ष डा. सीके राउत एक बृद्धासँग आर्शिवाद ग्रहण गर्दै । *तस्बिर : राजविराज दैनिक*

# ९३ प्रतिशत नेपालीले लगाए कोभिडविरुद्धको खोप

काठमाडौं, ६ चैत (रासस) ।

हालसम्म ९३ प्रतिशत नेपालीले कोभिड-१९ विरुद्धको खोप लगाइसकेका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार १८ बर्षमाथिको कूल जनसङ्ख्यामध्ये एक करोड ८४ लाख ९८ हजार १६० जनालाई कोभिडविरुद्धको खोपको कम्तीमा एक मात्रा दिइएको हो ।

यस्तै पूर्ण मात्रा खोप लगाउनेको सङ्ख्या भने एक करोड ६१ लाख ८४ हजार ८५८ रहेको छ । यो कूल लक्षित जनसङ्ख्याको ८१.२ प्रतिशत हो । साथै १२-१७ बर्ष उमेर समूहका ३१ लाख १८ हजार ७८५ (९१ प्रतिशत) जनाले पहिलो मात्रा खोप लगाइसेका छन् । १८ वर्षमुनि पूर्ण मात्रा खोप लगाउनेको सङ्ख्या २३ लाख ११ हजार ९९८ (६७ प्रतिशत) रहेको छ ।

मन्त्रालयका अनुसार यही चैत ४ गतेसम्ममा सबै उमेर समूहमा कूल तीन करोड ९२ लाख २३ हजार ९४१ मात्रा खोप प्रदान गरिएको छ । जसमध्ये एक करोड ८६ लाख ९५ हजार ८२६ पहिलो मात्रा, एक करोड ८६ लाख ९८ हजार ५९५ दोस्रो मात्रा र १८ लाख २९ हजार ५२० मात्रा बुस्टर डोज प्रदान गरिएको हो ।

नेपाल सरकारले भेरोसेल, कोभिशिल्ड, अस्ट्राजेनेका, मोडर्ना, फाइजर र जोन्सन खोप प्रदान गर्दै आएको छ । केही मात्र अनुदान सहयोग तथा अरु केही खरिद गरेर सरकारले कूल चार करोड ७८ लाख ८२ हजार ८०० मात्रा खोप प्राप्त गरेको थियो ।

नेपालमा हाल तीन हजार ९९६ सक्रिय कोभिड सङ्क्रमित रहेका छन् । कोभिड सङ्क्रमण सुरु भएदेखि नेपालमा गरिएका कूल परीक्षणमा ११ लाख १८ हजार १८० जनालाई कोभिड पोजिटिभ देखिएको र यसमध्ये नौ लाख ६२ हजार १७३ जनाले कोभिडलाई पराजित गरेका छन् । यस सङ्क्रमणबाट ११ हजार ९५० जनाको मृत्यु भएको छ ।

नेपाल सरकारले २०७८ चैतसम्ममा १८ वर्षमाथिका सबैलाई कोभिडविरुद्धको खोप लगाउने लक्ष्य लिएको छ । 'शतप्रतिशत खोप'को लक्ष्य पूरा गर्न अब सात प्रतिशत जनसङ्ख्यालाई मात्र खोप लगाउन बाँकी रहेको छ । १८ वर्षमुनिको उमेर समूहमा पनि पूर्ण मात्राको खोप पाउन अब नौ प्रतिशत जनसङ्ख्या मात्र बाँकी छ ।

# दुर्घटनामा सिरहाका दुई न्यायाधीश घाइते

**दैनिक समाचारदाता**
**धनुषा, ६ चैत ।**

धनुषाको गणेशमान चारनाथ नगरपालिकास्थित खडक खण्डमा आइतबार भएको दुर्घटनामा दुई जना न्यायाधीश घाइते भएका छन् ।

घाइते हुनेमा सिरहा जिल्ला अदालतका न्यायाधीश ध्रबप्रसाद उप्रेती र पुष्पराज थपलिया रहेका छन् ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको न्यायाधीशद्वय सवार बा.२फ. ३९२५ नम्बरको गाडी र विपरीत दिशातर्फ जाँदै गरेको ना.१ज. ६५०७ नम्बरको बिङ्गर ठोकिएर दुर्घटना भएको धुनषा प्रहरीका प्रवक्ता एवं डिएसपी जितेन्द्र कुमार बस्नेतले जानकारी दिएका छन् ।

घाइते दुबै न्यायाधीशलाई उपचारका लागि काठमाडौंको मेडिसिटी अस्पताल पठाइएको

ग्यौंसको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु

- ग्यौंस तथा आगो बलुञ्जेल भान्सा छाडेर टाढा नजाऔं।
- प्रयोग गरिसकेपछि ग्यौंसको चुल्हो र रेगुलेटर बन्द गरौं।
- यथासम्भव ग्यौंस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं।
- ग्यौंस सिलिन्डर र सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए, तुरुन्त मर्मत गरौं।
- ग्यौंस सिलिण्डर लिंदा सिल भए/नभएको हेरेर मात्र लिऔं।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं।
- सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*